# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कार्तिक ३ गते २०२७ साल

श्री ५ को सरकार

### सूचना तथा प्रसार मन्त्रालय

श्री ५ को सरकारले बनाएको निम्न लेखिएबमोजिमको छापाखाना र प्रकाशन सम्बन्धी ( धरौट दाखिल गर्ने ) नियमहरू, २०२७ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

छापाखाना र प्रकाशनसम्बन्धी (धरौट दाखिल गर्ने) नियमहरू, २०२७

छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०१९ को दफा ३२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः—

१. संक्षिप्त नाम र प्रारम्भः— (१) यी नियमहरूको नाम "छापाखाना र प्रकाशनसम्बन्धी (धरौट दाखिल गर्ने) नियमहरू, २०२७" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. धरौट दाखिल गर्ने कार्यालयः— छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०१९ को दफा ३ को उपदफा (२), दफा ४ को उपदफा (२) र दफा ७ को उपदफा (१) बमोजिम धरौट दाखिल गर्नुपर्दा जुन पदाधिकारीको आदेशले धरौट दाखिल गर्नुपर्ने हो सोही पदाधिकारीको कार्यालयमा दाखिल गर्नुपर्छ ।

आज्ञाले—
सुन्दरप्रसाद शाह
श्री ५ को सरकारको सचिव ।



श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

250